नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५ ४२००२९९ ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०८१/०८२

चलानी नं.:- १०८

मितिः -२०८१/५/१७

विषयः- बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ सम्बन्धमा ।

श्री नगरपालिका, सबै<br>
श्री गाउँपालिका, सबै

मुलुकबाट कुपोषण अन्त्यको लागि गुणस्तरीय पोषण सेवाको उपलब्धता र पहुँचको सुनिश्चतता गर्दै मानव जीवनचक्रमा पोषणको अवस्था सुधार गर्ने लक्ष्य सहित कार्यान्वयनमा आएको बहुक्षेत्रीय पोषण योजना-तेस्रोले (२०८०/०८१-२०८७/०८८) लिएको लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजा हासिल गर्न सञ्चालन हुने बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयनमा सहजीकरणको लागि मिति २०८१।०५।१२ को निर्णयानुसार (मा. मन्त्रिस्तरीय) स्वीकृत **बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१** यसैसाथ संलग्न गरी पठाईएको निर्णयानुसार अनुरोध छ । स्वीकृत कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था हुन अनुरोध छ ।

५।१८<br>
दीपेश कट्टेल<br>
शाखा अधिकृत

बोधार्थः<br>
श्री सूचना तथा प्रविधि शाखाः स्थानीय तहमा ईमेल तथा वेबसाईटमा अपलोड गरिदिनुहुन ।

# बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिँहदरबार, काठमाडौं
२०८१

# बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावनाः** मुलुकबाट कुपोषण अन्त्यको लागि गुणस्तरीय पोषण सेवाको उपलब्धता र पहुँचको सुनिश्चतता गर्दै मानव जीवनचक्रमा पोषणको अवस्था सुधार गर्ने लक्ष्य सहित नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०८०/१०/१४ मा स्वीकृत भई कार्यान्वयनमा आएको बहुक्षेत्रीय पोषण योजना-तेस्रोले (२०८०/०८१-२०८७/०८८) लिएको लक्ष्य, उद्देश्य तथा अपेक्षित नतिजा हासिल गर्न सञ्चालन हुने बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयनमा सहजीकरण गर्न विनियोजन ऐनको दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ**

१. यो कार्यविधिको नाम 'बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१' रहेको छ ।

२. यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. “कार्यक्रम” भन्नाले बहुक्षेत्रीय पोषण कार्यक्रमलाई सम्झनु पर्छ ।

ख. "कार्यालय" भन्नाले गाउँ/नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

ग. "निर्देशक समिति" भन्नाले गाउँपालिका/नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई बुझाउनेछ ।

घ. "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्झनु पर्छ ।

ङ. “योजना” भन्नाले बहुक्षेत्रीय पोषण योजना तेस्रोलाई सम्झनु पर्छ ।

च. “सचिवालय” भन्नाले गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको सचिवालय सम्झनु पर्छ ।

छ. "सभा" भन्नाले नेपालको संविधानको धारा २२२ बमोजिमको गाउँसभा र धारा २२३ बमोजिमको नगरसभालाई सम्झनु पर्छ।

ज. “सहजकर्ता” भन्नाले बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गतका पोषण सहजकर्तालाई सम्झनु पर्छ।

झ. "सहजीकरण समिति" भन्नाले वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण समिति सम्झनु पर्छ।

ञ. “स्थानीय तह” भन्नाले गाउँपालिका तथा नगरपालिकालाई सम्झनु पर्छ।

**३. उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्;

क. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले सञ्चालन गर्ने बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनको लागि सहजीकरण गर्ने,

ख. बहुक्षेत्रीय पोषण कार्यक्रमसँग सम्बन्धित क्रियाकलापहरुको योजना तर्जुमा, संस्थागत व्यवस्थापन, कार्यान्वयन, लेखा तथा लेखापरीक्षण, अनुगमन, प्रतिवेदनका सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारलाई सहजीकरण गर्ने,

ग. गर्भवती र सुत्केरी महिला, दुई वर्षमुनिका बालबालिका र किशोरीहरुलाई आवश्यक पर्ने पोषणको सुनिश्चितताको लागि स्थानीय तहमा सहजीकरण गर्ने ।

**४. कार्यक्षेत्रः** बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत सङ्घ, प्रदेश तथा स्थानीय तहमा सञ्चालन गरिने पोषण सुधारका विभिन्न कार्यहरु यस कार्यविधिको कार्यक्षेत्र रहनेछ ।

## परिच्छेद २
## कार्यक्रम कार्यान्वयन

**५. एकीकृत कार्यक्रम स्वीकृत गर्नुपर्नेः** बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गर्ने स्थानीय तहले एकीकृत कार्यक्रमको स्वीकृति देहायबमोजिम गर्नुपर्नेछ ।

(१) कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहले नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान, स्थानीय तहको आफ्नो स्रोत तथा अन्य स्रोतबाट प्राप्त हुने

रकम समेत एकीकृत गरी निर्देशक समितिको सिफारिसमा बहुक्षेत्रीय पोषणसँग सम्वन्धित वार्षिक बजेट तथा कार्यक्रम सभाबाट स्वीकृत गर्नुपर्नेछ।

(२) स्थानीय तहले कार्यक्रममा दोहोरोपना हुन नदिन साझेदार संघसंस्था र सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा कार्यक्षेत्र एकीन गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(३) यस कार्यक्रम अन्तर्गतका वार्षिक क्रियाकलापहरूको छनौट र स्वीकृति यस कार्यविधिको अतिरिक्त स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम हुनेछ।

(४) विशेष कारणबस उपदफा (१) बमोजिम कार्यक्रम स्वीकृत हुन छुट भई निर्देशक समितिको सिफारिसमा गाउँ/नगर कार्यापालिकाबाट स्वीकृत गरी कार्यान्वयन भएको अवस्थामा लगत्तै बस्ने सभाबाट कार्यक्रमको अनिवार्य अनुमोदन गर्नुपर्नेछ।

(५) स्वीकृत एकीकृत कार्यक्रमको कार्यान्वयन कार्ययोजना अनुसूची १ बमोजिमको ढाँचामा तयार गरी सो को एक प्रति मन्त्रालयमा समेत पठाउनु पर्नेछ।

(६)**नियमित तथा लक्षित कार्यक्रम:** बहुक्षेत्रीय पोषण योजना तेस्रोले लिएको लक्ष्य हासिल गर्न स्थानीय तहमा नियमित र लक्षित कार्यक्रम सञ्चालन हुनेछन् ।

(१) नियमित कार्यक्रम तर्फ तुलनात्मक रूपमा कुपोषणको समस्या न्यून रहेका तथा कुपोषणका नयाँ प्रवृत्तिहरू देखा परेका स्थानीय तहमा यस कार्यक्रम अन्तर्गत प्राप्त हुने सशर्त अनुदान, प्रदेशबाट प्राप्त हुने अनुदान र स्थानीय तहले आफ्नो स्रोतबाट विनियोजन गर्ने बजेटबाट सञ्चालन गरिने देहाय बमोजिम कार्यक्रम पर्दछन् ।

क) निर्देशक समितिको सचिवालय व्यवस्थापन, बैठक सञ्चालन, अनुगमन, अन्तरक्रिया तथा समीक्षा,

ख) सुनौलाहजार दिनका विपन्न महिलाको पोषण सुधारका लागि आयआर्जन अनुदान,

ग) पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि अनुसूची २ बमोजिमका कार्यक्रम,

घ) योजनाले तोकेका अनुसूची ३ बमोजिमका पोषण संवेदनशील तथा पोषण विशेष कार्यक्रम,

ङ) पोषण सुधारको लागि सामाजिक व्यवहार परिवर्तन सम्बन्धी कार्यक्रम।

(२) लक्षित कार्यक्रम तर्फ तुलनात्मक रूपमा कुपोषणको समस्या बढी रहेका स्थानीय तहमा नियमित कार्यक्रमको अतिरिक्त पोषण लक्षित कार्यक्रम सञ्चालन हुनेछ । यस अन्तर्गत कुपोषणको समस्या अधिक रहेका टोल, बस्ती तथा समूदायलाई लक्षित गरी व्यवहार परिवर्तन, सामाजिक परिचालन, सीप विकास तथा आयआर्जनका लागि स्थानीय तहको आवश्यकता र प्राथमिकताको आधारमा लक्षित समूह पोषण सुधार कार्यक्रम, पोषण नमूना टोल कार्यक्रम तथा विपन्न समूदाय पोषण सुधार कार्यक्रम लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ।

(७)**नियमित कार्यक्रम कार्यान्वयन विधि:** स्वीकृत एकीकृत कार्यक्रमको कार्यान्वयन देहाय बमोजिम गर्नुपर्नेछः

**(१)** कार्यविधिको दफा ६ (१) (क) बमोजिम निर्देशक समितिको बैठक हरेक चौमासिकमा कम्तिमा एक पटक बस्नु पर्नेछ । उक्त बैठकले निर्देशक समितिको भूमिकालाई प्रभावकारी बनाउने तथा कार्यक्रमको तर्जुमा, सञ्चालन, अनुगमन, समिक्षा एवं समन्वय लगायतका विषयमा छलफल तथा निर्णय गर्नेछ ।

**(२)** कार्यविधिको दफा ६ (१)ख बमोजिमको कार्यक्रम कार्यान्वयन देहाय बमोजिम गर्नुपर्नेछ ।

**क.** **लक्षित समुदाय र समूह पहिचानः** कार्यविधिको अनुसूची ४ बमोजिमको स्थानीय तहको पोषण प्रोफाईलको आधारमा पोषणको अवस्था सबैभन्दा कमजोर रहेका विपन्न समूदायका घरधुरी पहिचान गर्ने ।

**ख.** साबिकमा विभिन्न कार्यक्रम मार्फत उक्त घरधुरीहरू सम्मिलित समूह गठन भए नभएको एकिन गर्ने ।

**ग.** बुँदा 'ख' गठन भएको समूह मार्फत आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने सम्भावना भएमा उक्त समूहलाई आवश्यकता अनुसार पुनर्गठन गरी लक्षित कार्यक्रम सञ्चालन गर्न सकिने,

**घ.** बुँदा नम्बर (ग) बमोजिम कार्यक्रम सञ्चालनको सम्भावना नभएको अवस्थामा लक्षित बस्तीभित्रका विपन्न घरधुरीका २५ जना सुनौला हजार दिनका महिला सदस्य रहने गरी नयाँ समूह गठन गरी परिचालन गर्ने,

**ङ.** एउटै बस्तीमा सुनौला हजार दिनका विपन्न महिलाको संख्या २५ जना भन्दा कम भएमा उपलब्ध भएसम्म नजिकका अन्य बस्तीबाट समेत मापदण्ड अनुसारका लाभग्राही छनौट गरी समूह गठन गर्नुपर्नेछ ।

**च.** समूहका सदस्यहरूलाई पोषण सम्बन्धी सचेतना, अभिमुखीकरण, आर्थिक तथा सामाजिक सशक्तिकरण र क्षमता विकासका साथै सामाजिक व्यवहार परिवर्तनका लागि  घरभेट, अनुभव आदान प्रदान, अन्तर्क्रिया, अवलोकन लगायतका कार्यहरू गर्ने जिम्मेवारी पोषण सहजकर्ताको हुनेछ।

**छ.** **कार्ययोजना पेश गर्नेः** छनौट भएका लाभग्राहीको समूहले अनुसूची ६ बमोजिमको ढाँचामा समूहको आयआर्जन तथा पोषण सुधारको कार्ययोजना कार्यालयमा पेश गर्नुपर्नेछ । यस्तो कार्यायोजना तयार गर्न पोषण सहजकर्ताले सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

**ज.** **सम्झौता गर्नेः** समूहबाट कार्ययोजना प्राप्त भएपछि कार्यालयले लाभग्राहीको समूहसँग अनुसूची ७ अनुसारका शर्तहरू समावेश गरी सम्झौता गर्नुपर्नेछ। सम्झौता गर्दा हरेक लाभग्राहीको छुट्टाछुट्टै कार्ययोजना समेत कार्यालयमा पेश गर्नुपर्नेछ ।

**झ.** **अनुदान रकमः** कार्यालयले छनौट भएका लाभग्राहीलाई जनही रू. २५,०००।०० को दरले **पोषण सुधारका लागि आयआर्जन अनुदान** उपलब्ध गराउनु पर्नेछ । प्राप्त बजेट सीमा भन्दा छनौट भएका लाभग्राहीको संख्या बढी भएमा स्थानीय तहले आफ्नो स्रोतबाट बजेट व्यवस्था गरी थप सदस्यलाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

**ञ.** अनुदान रकम २५ जना भन्दा बढीलाई उपलब्ध गराउन पुग्नेगरी प्राप्त भएको अवस्थामा जनही रू.२५,०००।०० भन्दा कम नहुनेगरी लाभग्राहीको संख्या थप गर्न सकिनेछ ।

**ट.** **तालिम/अभिमुखीकरण प्रदान गर्नेः** स्थानीय तहले अनुदान प्राप्त गर्ने लाभाग्राहीको कार्ययोजना अनुसार निजहरूलाई अनुदानको उपयोग, पोषण

सुधार र व्यवसायिक सीप विकास तालिम/अभिमुखीकरण प्रदान गरी अनुदान रकम उपलब्ध गराउनु पर्नेछ ।

ठ. **बैंक खातामा रकम उपलब्ध गराउनेः** अनुदान प्रदान गर्दा समूहको रोहबरमा सम्बन्धित व्यक्तिको बैंक खाता मार्फत रकम उपलब्ध गराउनु पर्नेछ ।

ड. **लाभग्राहीको नगदी लागत सहभागिता बाध्यकारी नहुनेः** अनुदान प्रदान गर्दा लाभाग्राहीको नगद सहभागिता बाध्यकारी बनाउन पाईने छैन । तर, लाभग्राहीबाट श्रम तथा स्थानीय सामग्रीको व्यवस्थापन गरी लागत सहभागिताको सुनिश्चितता गराउन सकिनेछ ।

ढ. आयआर्जन अनुदान प्रदान गर्दा कन्टिन्जेन्सी वा सेवा शुल्क कट्टी गर्ने, वा कुनै संघ/संस्था मार्फत ऋणको रूपमा परिचालन गर्न/गराउन पाईने छैन।

ण. लाभाग्राहीले अनुदानको समुचित उपयोग गरेको सुनिश्चिता कार्यालयले गर्नुपर्नेछ ।

त. अनुदान रकम हाल सम्म अनुदान नपाएका लक्षित वर्गका महिला/ समूहलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) कार्यविधिको दफा ६ (१) ग को कार्यान्वयन गर्दा पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०८० मा भएको व्यवस्था र यस कार्यविधिको अनुसूची ८ बमोजिम सञ्चालन गर्नुपर्नेछ ।

(४) कार्यविधिको दफा ६ (१) (घ) बमोजिम पोषण संवेदनशील कार्यक्रम कार्यान्वयन गर्दा लाभग्राहीको संख्या कम्तिमा ९० प्रतिशत सुनौला हजार दिनका महिला, किशोर किशोरी तथा ५ वर्ष मुनिका बालबालिका लाभान्वित हुनेगरी गर्नुपर्नेछ । तर, निर्देशक समिति र सहजीकरण समितिको बैठकका सहभागीलाई लाभग्राहीको रूपमा गणना गर्न पाइने छैन ।

(८)**लक्षित कार्यक्रम कार्यान्वयन विधिः** लक्षित कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ;

(१) मन्त्रालयले हरेक आर्थिक वर्षमा लक्षित कार्यक्रम कार्यान्वयनको लागि सशर्त अनुदान उपलब्ध गराएका स्थानीय तहमा लक्षित कार्यक्रम सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बाहेकका स्थानीय तहले समेत स्थानीय आवश्यकता र श्रोत उपलब्धताको आधारमा लक्षित कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(३) **टोल, बस्ती र समूह छनौटः** पोषण प्रोफाइलको आधारमा निर्देशक समितिको सिफारिस बमोजिम स्थानीय तहले लक्षित कार्यक्रम सञ्चालन हुने टोल /बस्तीलाई देहायका आधारमा प्राथमिकीकरण गरी अनुसूची ९ बमोजिम छनौट गर्नुपर्नेछ;

क. अति शीघ्र कुपोषण (Severe Acute Malnutrition-SAM) र अति शीघ्र कडा कुपोषण (Moderate Acute Malnutrition-MAM) भएका बालबालिकाको संख्या सबैभन्दा बढी रहेको,

ख. गर्भवती तथा सुत्केरी महिलाको संख्या सबैभन्दा बढी रहेको,

ग. आर्थिक रूपमा विपन्न समूदायको बाहुल्यता रहेको,

घ. सामाजिक रूपमा पछाडि परेको वर्ग समूदायको बाहुल्यता रहेको,

ङ. भौगोलिक विकटता भएको,

च. खाद्य सङ्कट तथा जोखिम बढी भएको,

(४) उपदफा (३) बमोजिमको छनौट भएका टोल बस्तीहरूमा लक्षित समूह पोषण सुधार, पोषण नमूना टोल तथा विपन्न समूदाय पोषण सुधार लगायतका कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(५) स्थानीय तहले उपदफा (४) बमोजिमका कार्यक्रमका लाभग्राहीको छनौट सहजीकरण समितिको सिफारिस समेतका आधारमा गर्नुपर्नेछ ।

(६) कार्यक्रमबाट लाभान्वित हुने समूहले पोषण सहजकर्ता र विषयगत शाखाको समन्वय र सहजीकरणमा अनुसूची १० बमोजिम पोषण सुधार कार्ययोजना तयार गरी कार्यालयमा पेश गर्नुपर्नेछ ।

(७) लक्षित समूहले पेश गरेको कार्ययोजना कार्यालयले स्वीकृत गरी कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउनेछ ।

(८) स्थानीय तहले अनुदान प्रदान गरेका र कार्यक्रमबाट लाभान्वित हुने घरपरिवारको विवरण कार्यालयले अनुसूची ११ बमोजिम आधार तथ्याङ्क लिई राख्नुपर्नेछ।

## परिच्छेद ३

## बजेट तथा वित्तीय स्रोत व्यवस्थापन

(९) **बजेट तथा वित्तीय स्रोत परिचालनः** स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमका लागि बजेट तथा वित्तीय स्रोत परिचालन देहाय बमोजिम हुनेछ ।

(१) नेपाल सरकारबाट स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको अधिनमा रही यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहलाई उपलब्ध गराउने अनुदान नियमित कार्यक्रम र लक्षित कार्यक्रम सञ्चालन हुने गाउँपालिका वा नगरपालिका अनुसार छुट्टाछुट्टै हुन सक्नेछ ।

(३) मन्त्रालयले निश्चित शर्त र सीमा निर्धारण गरी देहायका सबै वा केही आधारमा सशर्त अनुदान उपलब्ध गराउनेछ;

क. कार्यक्रमको प्रकृति (नियमित वा लक्षित कार्यक्रम),

ख. जनसंख्या,

ग. भूगोल,

घ. पोषणको अवस्था,

ङ. अति पिछडिएको तथा लोपोन्मुख समूदायको बाहुल्यता,

च. मानव विकास सूचकाङ्क ।

(४) स्थानीय तहले आन्तरिक स्रोत, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान, विशेष अनुदानका साथै निजी, गैर सरकारी क्षेत्र, सहकारी तथा समुदायसँगको साझेदारीमा पोषण सुधारको लागि कार्यक्रम सञ्चालन गर्न स्रोत व्यवस्थापन गर्न सक्नेछन् ।

(१०) **स्थानीय तहले लागत साझेदारी गर्नुपर्नेः** स्थानीय तहले देहाय बमोजिम स्रोत व्यवस्थापन गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ;

(१) स्थानीय तहले आफ्नो स्रोतबाट समेत आवश्यकतानुसार बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

(२)लक्षित कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहले कार्यक्रमको लागि नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान र स्थानीय तहको आवश्यकताको आधारमा निश्चित रकम विनियोजन गर्नुपर्नेछ ।

(११) **बजेट खर्च सम्बन्धी व्यवस्थाः** स्वीकृत बजेटबाट कार्य्रक्रम कार्यान्वयन गर्दा कार्यक्रमको लागत अनुमान, खर्च, खर्चको लेखाङ्कन गर्दा प्रचलित कानूनका अलावा देहायका मार्गदर्शनका आधारमा गर्नुपर्नेछ ।

(१) कार्यक्रमको कोष प्रवाह तथा वित्तीय व्यवस्थापन नेपाल सरकारको विद्यमान आर्थिक ऐन, नियम एवम् सम्बन्धित प्रदेश र स्थानीय तहको आर्थिक कार्यप्रणाली अनुसार हुनेछ।

(२) कार्यक्रमको लागत अनुमान तयार गर्दा स्थानीय दररेटलाई आधार मान्नु पर्नेछ।

(३) कार्यक्रमको बजेट तोकिएको बाहेक अन्यत्र खर्च गर्न वा रकमान्तर गर्न पाइनेछैन।

(४) नेपाल सरकार र प्रदेश सरकारको नियमित कार्यक्रममा दोहोरो पर्नेगरी बजेट विनियोजन गर्न पाइनेछैन। तर, स्रोत नपुग भएको खण्डमा साझेदारीमा कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन।

(५) कार्यक्रमको बजेट गैर सरकारी संस्था, कम्पनी वा फर्म मार्फत खर्च गर्न पाइनेछैन ।

(६) कार्यक्रमको बजेटबाट पोषण सहजकर्ताको पारिश्रमिक, सुविधा र निर्देशक समितिको बैठक सञ्चालन बाहेक अन्य कुनै पनि प्रकारका प्रशासनिक कार्यमा खर्च गर्न पाईनेछैन।

(७) नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान चालु आ.व. भित्र खर्च हुन नसकेमा वा निश्चित रकम खर्च भई केहि रकम कोषमा बाँकि रहेमा नियमानुसार सङ्घीय संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(१२) **खर्चको लेखाङ्कन तथा प्रतिवेदनः** कार्यक्रमको खर्चको लेखाङ्कन तथा प्रतिवेदन प्रचलित कानून तथा नेपाल सरकारले तोकेको ढाँचामा गर्नुपर्नेछ ।

(१३) **वित्तीय अनुशासन र पारदर्शिताः** कार्यक्रम कार्यान्वयन गर्दा देहाय बमोजिम वित्तीय अनुशासन र पारदर्शिता कायम हुने गरी गर्नुपर्नेछ;

(१) स्थानीय तहले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई तथा सार्वजनिक परिक्षण गर्दा यस कार्यक्रमको विभिन्न विषयलाई समेत समावेश गर्नुपर्नेछ ।

(२) कार्यक्रमको वित्तिय कारोबारको आन्तरिक लेखापरीक्षण कार्यालयले आफ्नै संयन्त्रबाट र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराउनुपर्नेछ।

(३) तोकिएको समयमा लेखापरीक्षण गर्ने/गराउने जिम्मेवारी कार्यालयको हुनेछ ।

## परिच्छेद ४
## मानव संसाधन परिचालन सम्बन्धी व्यवस्था

**(१४) प्रदेश सहजकर्ता सम्बन्धी व्यवस्थाः**

(१) प्रदेश सरकारको नीति /योजना आयोगले कार्यक्रम कार्यान्वयनको लागि सहजीकरण गर्न निश्चित मापदण्डका आधारमा एक वा एक भन्दा बढी स्थानीय तहको कार्यक्षेत्र तोकी करार सेवा मार्फत प्रदेश सहजकर्तालाई काममा खटाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका प्रदेश पोषण सहजकर्ताको योग्यता देहाय बमोजिम हुनेछ।

क. मान्यताप्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य, पोषण, खाद्य प्रविधि, कृषि तथा पशुविज्ञान विषयमा स्नातक उपाधि हासिल गरेको,

ख. २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको नेपाली नागरिक।

(३) उपदफा (२) (क) बमोजिम प्रदेश पोषण सहजकर्ताको छनौट, करारनामा तथा परिचालन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ ।

(४) प्रदेश पोषण सहजकर्ताको पारिश्रमिक तथा अन्य सेवा सुविधा प्रचलित कानून बमोजिम नेपाल सरकारको राजपत्राङ्कित तृतीय श्रेणीको कर्मचारी सरह हुनेछ ।

**(१५) पोषण सहजकर्ता सम्बन्धी व्यवस्थाः (१)** स्थानीय तहले कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्न देहायको योग्यता भएको एक जना पोषण सहजकर्ता नियुक्त गरी कामकाजमा लगाउने व्यवस्था गर्नुपर्नेछ ।

क. मान्यताप्राप्त शिक्षण संस्थाबाट बाह्र कक्षा (१०+२) वा सो सरह उत्तिर्ण भएको,

ख. कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,

ग. सम्बन्धित स्थानीय तहमा स्थायी बसोबास भएको,

घ. प्रचलित कानूनले अयोग्य नठहऱ्याएको ।

(२) पोषण सहजकर्ता छनौट गर्दा सामाजिक परिचालनको क्षेत्रमा अनुभव हासिल गरेको, सम्बन्धित स्थानीय तहको विवाहित महिला एवं आर्थिक-सामाजिक रुपमा पछाडि परेको वर्गको उम्मेदवारलाई प्राथिमकता दिनु पर्नेछ।

(३) पोषण सहजकर्ता छनौट गर्दा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा निजले तोकेका अन्य २ जना कर्मचारी रहेको छनौट समिति गठन गरी कम्तिमा १५ दिनको सूचना प्रकाशित गरी खुला प्रतिस्पर्धाबाट छनौट गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम छनौट समितिले सिफारिस गरेको उम्मेदवारलाई कार्यालयले करार नियुक्ति गरी कामकाजमा लगाउनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम पोषण सहजकर्ता छनौट सम्बन्धी अन्य विषय प्रचलित कानून तथा स्थानीय तहमा भएका व्यवस्था बमोजिम हुनेछ ।

(६) पोषण सहजकर्ताले पोषण सम्पर्क शाखा /विन्दु /सचिवालयको मातहतमा रही कार्य गर्नु पर्नेछ। निजले पोषण सम्बन्धी कार्य र सचिवालयको व्यवस्थापनको लागि कार्यपालिकाको कार्यालय र लक्षित समूदायको पोषण प्रवर्द्धनमा परामर्श तथा सहजीकरणको लागि समूदायस्तर (फिल्ड) मा खटिने गरी कार्यक्षेत्र तोक्नु पर्नेछ।

(७) पोषण सहजकर्ताको कार्यसम्पादनको सुपरिवेक्षण तथा मुल्याङ्कन अनुसूची १२ बमोजिमको कार्यविवरणका आधारमा कार्यालयले गर्नुपर्नेछ ।

(८) यस दफा बमोजिम पोषण सहजकर्ता नियुक्ति गर्दा हाल कार्यरत पोषण सहजकर्ताको कार्यसम्पादन मुल्याङ्कन गरी सन्तोसजनक कार्यसम्पादन गर्ने पोषण सहजकर्तालाई निरन्तरता दिनुपर्नेछ ।

(९) सशर्त अनुदानबाट प्राप्त हुने पोषण सहजकर्ताको पारिश्रमिक तथा अन्य सुविधा प्रचलित कानून बमोजिम स्थानीय तहको कम्तिमा सहायक चतुर्थ तहको कर्मचारी सरह हुनेछ। सशर्त अनुदानबाट सम्बन्धित शिर्षकमा प्राप्त हुने रकममा अपुग हुने रकम सम्बन्धित स्थानीय तहबाट थप गरी सहजकर्ताको पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ।

(१०) पोषण सहजर्कताको सुविधा स्थानीय तहले अन्य श्रोतबाट व्यवस्थापन गरेको हकमा उक्त शिर्षकमा उपलब्ध रकम कार्यक्रममा खर्च गर्न बाधा पर्ने छैन।

**(१६) गाउँपालिका/नगरपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा सचिवालयः** सचिवालय व्यवस्थापन सम्बन्धमा देहायबमोजिम हुनेछ;

(१) स्थानीय तहले योजनाले तोकेका विषयगत क्षेत्रमध्येबाट उपयुक्त विभाग / महाशाखा /शाखा /इकाइलाई निर्देशक समितिको सचिवालय तोक्नु पर्नेछ ।

(२) दफा (१) बमोजिम तोकिएको विभाग / महाशाखा /शाखा /इकाइले कार्यक्रमसँग सम्बन्धित क्रियाकलापको व्यवस्थापन, सहजीकरण, सम्पर्क एवम् समन्वयका लागि सम्पर्क विन्दुको कार्य गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको सम्पर्क विन्दुको काम, कर्तव्य र जिम्मेवारी देहाय बमोजिम हुनेछ ।

क. स्थानीय तहको पोषण तथा खाद्य सुरक्षा सचिवालयको व्यवस्थापन गर्ने,

ख. बहुक्षेत्रीय पोषण कार्यक्रमको योजना तर्जुमा, बजेट व्यवस्थापन, कार्यान्वयन, अनुगमन तथा प्रतिवेदन गर्ने कार्यमा समन्वय र सहजीकरण गर्ने,

ग. बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि विषयगत शाखा र पोषणको क्षेत्रमा काम गर्ने संघ-संस्थासँग समन्वय गर्ने,

घ. बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउने,

ङ. गाउँपालिका/नगरपालिकाले तोके बमोजिमका पोषणसँग सम्बन्धित अन्य कार्यहरू गर्ने ।

(१७) **अनुगमन र प्रतिवेदनः** कार्यक्रम कार्यान्वयनको अनुगमन तथा प्रतिवेदन समबन्धमा देहायबमोजिम गर्नुपर्नेछ;

(१) कार्यक्रम कार्यान्वयनको अनुगमन स्थानीय सरकार सञ्चालन ऐन, २०७४, तथा अन्य प्रचलित कानून बमोजिम स्थानीय तहबाट हुनेछ । यस कार्यक्रम अन्तर्गतका क्रियाकलापहरूको अनुगमन निर्देशक समितिले समेत गर्न सक्नेछ ।

(२) नेपाल सरकार, प्रदेश सरकारका सम्बन्धित निकाय र सम्बन्धित विकास साझेदार निकायबाट समेत कार्यक्रमको छुट्टाछुट्टै एकिकृत रुपमा अनुगमन गर्न सकिनेछ ।

(३) लक्षित कार्यक्रम सञ्चालन हुने समुदायका लाभग्राही समूहका सदस्यहरूमध्ये बाट कम्तिमा ५ जना सदस्य रहनेगरी समूदाय स्तरीय अनुगमन समिति गठन गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको समितिले लाभान्वित समूहका सदस्यहरूले प्राप्त गरेको अनुदानबाट सञ्चालित आयआर्जन र पोषण सुधारका क्रियाकलापको अनुगमन गरी अनुसूची १३ बमोजिमको प्रतिवेदन त्रैमासिक रूपमा कार्यालयमा पेश गर्नुपर्नेछ।

## परिच्छेद ५
## विविध

(१८) **मन्त्रालयको जिम्मेवारीः** मन्त्रालयको जिम्मेवारी देहायबमोजिम हुनेछ ।

(१) कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहसँग समन्वय, सहजीकरण, क्षमता विकास, कार्यक्रमको अनुगमन र प्रतिवेदन गर्ने,

(२) कार्यक्रम कार्यान्वयनको सन्दर्भमा विषयगत मन्त्रालय, विकास साझेदार र अन्य सरोकारवाला निकायसँग समन्वय गर्ने,

(३) कार्यक्रमको प्राविधिक सहायता परिचालनका लागि साझेदार संस्थासँग सम्पर्क र समन्वय गर्ने ।

(१९) **प्रदेश नीति तथा योजना आयोगको भूमिकाः** (१) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयनमा प्रदेश नीति तथा योजना आयोगको भूमिका देहायबमोजिम हुनेछ;

क. प्रदेशस्तरीय पोषण तथा खाद्य सुरक्षा सचिवालयको व्यवस्थापन गर्ने,

ख. स्थानीय तहमा बहुक्षेत्रीय पोषण कार्यक्रमको कार्यान्वयनको सहजीकरण गर्ने,

ग. स्थानीय तहको क्षमता विकास गर्ने,

घ. बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुगमन तथा प्रदेशस्तरीय वार्षिक प्रगति समीक्षा गर्ने।

(२०) **जिल्ला समन्वय समितिको भूमिकाः** यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयनमा जिल्ला समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछ;

क. कार्यक्रमको जिल्ला स्तरीय आवधिक प्रगति समीक्षा गर्ने,

ख. कार्यक्रम कार्यान्वयनको लागि गाउँपालिका वा नगरपालिकासँग समन्वय, सहजीकरण, अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

ग. कार्यक्रमको कार्यान्वयनमा नेपाल सरकार, प्रदेश सरकार, जिल्ला स्थित कार्यालय र स्थानीय तह बिच समन्वय गर्ने ।

(२१) **प्राविधिक सहायता लिन सकिनेः** कार्यक्रम कार्यान्वयनको लागि पोषणको क्षेत्रमा काम गर्ने स्थानीय संघ-संस्थासँग स्थानीय तहले आवश्यक प्राविधिक सहायता लिन सक्नेछन् ।

(२२) **प्रचलित कानूनको पालनाः** यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै कार्यविधि बमोजिम र अन्य विषय प्रचलित कानून बमोजिम हुनेछन् ।

(२३) **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसुची १

## कार्यविधिको दफा ५ (५) सँग सम्बन्धित बहुक्षेत्रीय पोषण कार्यक्रमको एकीकृत कार्यक्रमको ढाँचा

आ.व.:

(१) **परिचयः**

(२) आ.व. २०...... को लक्षित कार्यक्रम सञ्चालन हुने टोल /बस्तीको विवरण

**क.** सुनौलाहजार दिनका विपन्न महिलाको पोषण सुधारका लागि आयआर्जन अनुदान

| क्र.सं. | टोल /बस्ती | वडा नं. | लाभान्वित घरधुरीको अनुमानित संख्या |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ... | | | |

ख. लक्षित समूह पोषण सुधार कार्यक्रम, पोषण नमूना टोल कार्यक्रम तथा विपन्न समूदाय पोषण सुधार कार्यक्रमको विवरण

| क्र.सं. | टोल /बस्ती | वडा नं | लाभान्वित घरधुरीको अनुमानित संख्या |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ... | | | |

**(३) आ.व २०८.../..... को बहुक्षेत्रीय पोषण कार्यक्रमको बजेट**

| विवरण | संकेत /कोड | रकम (रु. हजारमा) |
|---|---|---|
| १. गाउँ/नगरपालिकाको कुल बजेट (वार्षिक बजेट तथा कार्यक्रम पुस्तिकाबाट राख्ने) | | |
| २. बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि विनियोजित बजेट | | |
| २.१ नेपाल सरकारबाट प्राप्त सशर्त अनुदान | (क) | |
| २.२ प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान | (ख) | |
| २.३ गाउँ/नगरपालिकाबाट विनियोजित (समानीकरण अनुदान तथा आन्तरीक स्रोतवाट भएको विनियोजन) | (ग) | |
| २.४ अन्य स्रोतबाट (गै.स.स./अ.गै.स.स.) | (घ) | |
| जम्मा | (क+ख+ग+घ) | |

(४)बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने कार्यविधिको दफा ६ र दफा ७ अनुसारका क्रियाकलाप

| क.सं. | विषयगत क्षेत्र | क्रियाकलाप | संख्या | कुल विनियोजित बजेट | विनियोजित बजेट (रू. हजारमा) (श्रोत अनुसार) | | | | वडा र बस्ती | *लाभान्वित समूह (जस्तैः दलित जनजाति, लोपोन्मुख वर्ग समेत खुलाइ उल्लेख गर्ने) | अनुमानित लाभान्वित घरधुरी सङ्ख्या | कार्यान्वयन गरिने समयावधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | अन्य (गै.स.स.आदि) | | | | |
| १ | स्वास्थ्य | १. | | | | | | | | | | |
| | | २. | | | | | | | | | | |
| | | ... | | | | | | | | | | |
| २ | शिक्षा | १. | | | | | | | | | | |
| | | २. | | | | | | | | | | |
| | | ... | | | | | | | | | | |
| ३ | महिला तथा बालबालिका | १. | | | | | | | | | | |
| | | २. | | | | | | | | | | |
| | | ... | | | | | | | | | | |
| ४ | खानेपानी तथा सरसफाई | १. | | | | | | | | | | |
| | | २. | | | | | | | | | | |
| | | ... | | | | | | | | | | |
| ५ | कृषि | १. | | | | | | | | | | |
| | | २. | | | | | | | | | | |
| | | ... | | | | | | | | | | |
| ६ | पशुपन्छी | १. | | | | | | | | | | |
| | | २. | | | | | | | | | | |
| | | ... | | | | | | | | | | |
| ७ | शासकीय प्रवन्ध | १. | | | | | | | | | | |
| | | ... | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | |

६. **पोषणसम्बन्धी अन्य कार्यक्रम**

(बुँदा नं. ५ मा समावेश भएका क्रियाकलाप बाहेक सुनौला हजार दिनका महिला तथा ५ वर्ष मुनिका बालबालिका, किशोरीहरूको पोषण सुधारका लागि कार्यान्वयन गर्ने विभिन्न नियमित कार्यक्रम (जस्तै विद्यालय दिवा खाजा कार्यक्रम, बाल पोषण अनुदान, वृद्धि अनुगमन तथा प्रबर्द्धन कार्यक्रम, भिटामिन ए कार्यक्रमको विवरण)

| क.सं. | विषयगत क्षेत्र | क्रियाकलाप | क्रियाकलापको संख्या | बजेट श्रोत (नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह खुलाउने) | लाभान्वित वर्ग (५ वर्ष मुनिका बालबालिका, किशोरीको संख्या खुलाउने) | अनुमानित लाभान्वित सख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

७. **गैर सरकारी संस्थाबाट परिचालन हुने पोषणसम्बन्धी कार्यक्रम**

| सि.न. | विकास साझेदार | कार्यक्रमको नाम | मुख्य मुख्य क्रियाकलाप | कार्यान्वयन हुने वडा | चालु आ.व.को बजेट | अनुमानित लाभान्वित संख्या |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

८. **अनुगमन योजना**

| अनुगमन गर्ने निकाय /संयन्त्र | अनुगमन गर्ने क्षेत्र र उद्देश्य | अनुगमनको समयावधि (दिन /पटक) | अनुगमन विधि |
|---|---|---|---|
| जिससबाट हुने अनुगमन | | | |
| प्रमुख /अध्यक्षको नेतृत्वमा हुने अनुगमन | | | |
| उपाध्यक्ष।उपप्रमुखको नेतृत्वमा हुने अनुगमन | | | |
| प्रमुख प्रशासकिय अधिकृत वा शाखाबाट हुने नियमित अनुगमन | | | |
| लाभान्वित समूहबाट गठन भएको अनुगमन समितिले गर्ने अनुगमन | | | |

## ७. प्रदिवेदन कार्ययोजना

- प्रतिवेदन तयार गर्दा कार्यक्रम कार्यान्वयन भएको वडा /वस्तीको नाम, विनियोजित बजेट र खर्च भएको रकम, लाभान्वितको संख्या, कार्यान्वयन अवधि र मुख्य उपलब्धी समेत स्पष्ट खुलाई क्रियाकलापगत प्रतिवेदन गर्नुपर्नेछ ।
- अनुगमन प्रतिवेदन गर्दा अनुगमनको उद्देश्य, अनुगमन गरिएको स्थान, क्रियाकलापको साथै अनुगमनको क्रममा देखिएका विषय तथ सुझाव स्पष्ट उल्लेख गर्ने ।

| प्रतिवेदनको प्रकार | समायावधि | तयार गर्ने | पेश गर्नुपर्ने निकाय | कैफियत |
|---|---|---|---|---|
| मासिक प्रतिवेदन | महिना समाप्त भएको १ हप्ता भित्र | सहजकर्ता | शाखा प्रमुख समक्ष | |
| त्रैमासिक प्रतिवेदन | त्रैमासिक समाप्त भएको १५ दिन भित्र | सहजकर्ता र सम्पर्क विन्दु तोकिएका शाखाको प्रमुख | प्रमुख प्रशासकीय अधिकृत समक्ष | |
| वार्षिक प्रतिवेदन | आ.व.समाप्त भएको ३० दिन भित्र | सहजकर्ता, समबन्धित शाखा प्रमुख, सम्पर्क विन्दु तोकिएका शाखाको प्रमुख | प्रमुख /अध्यक्ष, प्र.प्र.अ. समक्ष | स्वीकृत प्रतिवेदन जिसस, प्रदेश र मन्त्रालयमा समेत पठाउने |
| खर्चको विवरण | आवधिक रुपमा माग भए अनुसार | आर्थिक प्रशासन शाखा प्रमुख | प्र.प्र.अ. समक्ष | वार्षिक प्रतिवेदन मन्त्रालय पठाउनु पर्ने |
| अनुगमन प्रतिवेदन | अनुगमन भएको ७ दिन भित्र | अनुगमनकर्ता /समिति | कार्यालयमा पेश गर्ने | |
| अनलाईन प्रतिवेदनहरु (WBRS) | नियमित रुपमा क्रियाकलाप सम्पन्न भएको १ हप्ता भित्र | सहजकर्ता | प्रणालीमा प्रविष्ट गर्नुपर्ने | |

अनुसूची २

**कार्यविधिको दफा ६ (१) ग) सँग सम्बन्धित पोषणमैत्री स्थानीय शासन प्रबर्द्धन अन्तर्गतका कार्यक्रम /क्रियाकलापको सूची**

| सि.न. | विवरण | कार्यक्रम |
|---|---|---|
| १ | कार्यविधिको दफा ६ (१) ग (२) बमोजिम | • लक्षित समूह पोषण सुधार कार्यक्रम, पोषण नमूना टोल कार्यक्रम तथा विपन्न समूदाय पोषण सुधार कार्यक्रम |
| २ | सि.नं १ बाहेकका अन्य कार्यक्रम | • पोषणमैत्री स्थानीय शासनको सूचक हासिलको लागि क्षमता विकास (स्थानीय तह जनप्रतिनिधि तथा विषयगत क्षेत्रका कर्मचारीहरूलाई तालिम, बालविकास केन्द्रका सहजकर्तालाइ पोषण सम्बन्धी तालिम, महिला समूहका सदस्य, महिला स्वयंसेविका, टोल विकास समितिका पदाधिकारीहरूलाई तालिम) कार्यक्रम<br>• योजनाले तोकेका पोषण संवेदनशील तथा पोषण विशेष कार्यक्रमहरू |

## अनुसूची ३

**कार्यविधिको दफा ६ (१) घ) सँग सम्बन्धित योजनाले तोकेका पोषण संवेदनशील तथा पोषण विशेष कार्यक्रमहरू**

| कार्यक्रमकहरू |
|---|
| • मातृ, शिशु तथा बाल्यकालीन पोषण तथा खानपानको अभ्यास सुदृढ गर्ने ।<br>• शिशु जन्मेको १ घण्टाभित्र स्तनपान, ६ महिना उमेरसम्म पूर्ण स्तनपान र २ वर्षसम्म विस्तारित स्तनपानको (Extended Breastfeeding) बारेमा परामर्श सेवा सुदृढ गर्ने।<br>• उमेरअनुसारको उपयुक्त पूरक खाना खुवाउने अभ्यासको प्रवर्द्धन गर्ने।<br>• सुक्ष्म पौष्टिक तत्त्वको कमीलाई न्यूनीकरण गर्न पौष्टिक तत्त्व स्तरोन्नति गरिएको खाद्य पदार्थ (फर्टिफाइड फुड) को प्रवर्द्धन गर्ने।<br>• बालबालिका, किशोर-किशोरी, गर्भवती र सुत्केरी महिला लक्षित सूक्ष्म पोषक तत्त्व सप्लिमेन्टेसनको कार्यक्रमलाई सुदृढ गर्ने।<br>• आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्री वितरण नियन्त्रण) ऐन, २०४९ सम्बन्धी अभिमुखीकरण गर्ने,<br>• गुणस्तरीय सुरक्षित मातृत्व सेवा (गर्भ हेरचाह, संस्थागत सुत्केरी, सुत्केरीपछिको हेरचाह, नवजात शिशुको हेरचाह) गर्ने<br>• बालबालिका, किशोर-किशोरी, महिला, वृद्ध-वृद्धा र विशेष आवश्यकता भएका व्यक्तिको पहुँच सुनिश्चित गर्न गुणस्तरीय पोषण सेवा विस्तार गर्ने।<br>• पोषणसम्बन्धी स्वस्थ बानी व्यवहारको प्रवर्द्धन र शारीरिक व्यायाम समेत समावेश गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको सुदृढीकरण गर्ने।<br>• समुदाय स्तरमा ०-५९ महिनाका बालबालिकाको पोषण अवस्था लेखाजोखा, द्रुत स्क्रिनिङ र परामर्श सेवालगायतका कार्यक्रम सुदृढ गर्ने।<br>• झाडापखाला र स्वासप्रस्वास सम्बन्धी संक्रमण रोकथामको लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने<br>• वृद्धि अनुगमन र प्रवर्द्धन कार्यक्रमलाई सुदृढ गर्ने। |
| • स्थानीय स्तरमा उपलब्ध हुने पोषणयुक्त खानाको प्रवर्द्धन गर्ने।<br>• उत्पादन, भण्डारण तथा उपभोगका विभिन्न चरणमा हुने खाद्यवस्तु ह्रासलाई कम गर्न कार्यक्रम सञ्चालन गर्ने,<br>• घरायसी स्तरमा खाद्यान्न, फलफूल, तरकारी, मत्स्य तथा पशुपन्छीसहितको एकीकृत खाद्य उत्पादन प्रणाली (करेशाबारी) प्रवर्द्धन गर्ने।<br>• स्थानीय खाद्यवस्तु उत्पादनलाई प्रवर्द्धन गरी विद्यालय दिवा खाजा कार्यक्रमसँग आबद्ध गर्ने।<br>• कृषि तथा पशुपालन क्षेत्रमा लक्षित वर्गको क्षमता अभिवृद्धि गर्ने।<br>• प्राङ्गारिक खेती र रैथानीबाली प्रबर्द्धन गर्ने |
| • घरपरिवार तथा संस्था (विद्यालय, स्वास्थ्य संस्था आदि) मा व्यवस्थितरूपमा सुरक्षित खानेपानी तथा सरसफाइ सुविधाको उपलब्धता सुनिश्चित गर्ने,<br>• सार्वजनिक निकाय तथा सङ्घसंस्थामा हात धुने स्थानको (Handwashing Station) सङ्ख्या बढाउने।<br>• संवेदनशील समयमा हात धुने अभ्यासको प्रवर्द्धन गर्ने।<br>• महिनावारी स्वच्छतासम्बन्धी अभ्यासको प्रवर्द्धन गर्ने। |

| कार्यक्रमकहरू |
|---|
| • महिलाको लागि आय-आर्जन र उद्यमशीलता विकास गर्ने क्रियाकलाप विस्तार गर्ने।<br>• लैङ्गिक हिंसा, बालविवाह, छाउपडीलगायतका हानिकारक सामाजिक अभ्यास रोकथामका लागि सामाजिक व्यवहार परिवर्तनका कार्यक्रम कार्यान्वयन गर्ने। |
| • सामाजिक सुरक्षा र बालसंरक्षणका कार्यक्रमलाई पोषणसँग आबद्ध गर्ने । |
| • कार्यक्रम कार्यान्वयन, योजना तर्जुमा, अनुगमन र समीक्षा गर्नको लागि पोषणसम्बन्धी शासकीय संरचनाको संस्थागत क्षमता अभिवृद्धि गर्ने।<br>• एकीकृत एवम् एकद्वार पद्धतिको कार्यान्वयन सुनिश्चित गर्न विकास साझेदार, सरोकारवाला निकाय तथा निजी क्षेत्रसँगको समन्वय, सहकार्य र साझेदारीलाई सुदृढ गर्ने। |
| • स्थानीय तहमा सेवा प्रदायकको क्षमता विकास गर्ने ।<br>• पोषण स्रोत व्यक्तिको क्षमता विकास गरी परिचालन गर्ने। |
| • समुदाय, विद्यालयका बालबालिका, अभिभावक र स्वास्थ्यकर्मीमा संवेदनशील समयमा हात धुने बारेमा सचेतना अभिवृद्धि गर्ने।<br>• समुदाय र विद्यालयका बालबालिकामा महिनावारी स्वच्छता व्यवस्थापनको बारेमा सचेतना अभिवृद्धि गर्ने।<br>• समुदाय स्तरमा स्वच्छ तथा सुरक्षित खाना प्रवर्द्धन गर्न सचेतना अभिवृद्धि गर्ने।<br>• विद्यालय दिवा खाजालगायत सार्वजनिक कार्यक्रममा स्थानीय स्तरमा उत्पादित खाद्यवस्तुको उपभोग प्रवर्द्धन गर्ने। |
| • बालविवाह, छाउपडी (Menstrual Seclusion), गर्भवती तथा सुत्केरीको बेला निश्चित खानाको बर्जितीकरण (Food Taboos) लगायतका गलत सामाजिक मान्यता र अभ्यासको रोकथामका लागि सामाजिक व्यवहार परिवर्तनका सामग्रीको प्रयोगमार्फत सचेतना अभिवृद्धि गर्ने।<br>• पोषण तथा महिला सशक्तीकरणका निश्चित क्रियाकलापमा पुरूषको सहभागिता सुनिश्चित गर्न सामाजिक व्यवहार परिवर्तनका कार्यक्रम सञ्चालन गर्ने।<br>• सुनौला हजार दिनका महिलालाई लक्षित गरी स्वास्थ्य तथा पोषणसम्बन्धी आनीबानी सुधारको लागि अन्तरपुस्ता संवाद कार्यक्रम सञ्चालन गर्ने।<br>• अनौपचारिक शिक्षामा पोषण तथा व्यक्तिगत महिनावारी स्वच्छताका क्रियाकलाप समावेश गर्ने।<br>• स्थानीय तहमा कार्यक्रम कार्यान्वयन, योजना तर्जुमा, अनुगमन र समीक्षा गर्नको लागि पोषणसम्बन्धी शासकीय संरचनाको क्षमता अभिवृद्धि गर्ने<br>• हाम्रो स्वास्थ्य, खानपान तथा स्वच्छतासम्बन्धी असल व्यवहार अवलम्बनको लागि परिवेश तथा स्थान विशेष सामाजिक व्यवहार परिवर्तनसम्बन्धी सामग्रीको उपयोग गर्दै पोषण सचेतना अभिवृद्धि गर्ने,<br>• पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन गर्ने<br>नोटः यी कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्दा अपाङ्गता भएका ५ वर्ष मुनिका बालबालिका, किशोरकिशोरी तथा सुनौलो १००० दिनका महिलालाई समेत प्राथमिकतामा राखी सहभागि गराउने। |

## अनुसूची ४

**दफा १३ को उपदफा (१) (क) सँग सम्बन्धित** गाउँपालिका /नगरपालिकाको पोषण पार्श्वचित्रको ढाँचा

**१. गाउँपालिका /नगरपालिकाको पोषण पार्श्वचित्र, २०... अद्यावधिक मितिः २०८...**

**२. स्थानीय तहको संक्षिप्त परिचय**

**क.** परिचय (नामाकरण, स्थापना भएको वर्ष, स्थानीय तहको कूल क्षेत्रफल, आदि)

ख. वडा छुट्टिने गरीको नक्सा

**ग.** भौगोलिक अवस्थिति (अक्षांश, देशान्तर, सिमानामा रहेका स्थानीय तह आदि)

**घ.** वडाहरूको क्षेत्रफल र मुख्य मुख्य बस्तीको विवरण

| क.सं. | वडा नं. | क्षेत्रफल (व. कि. मी.) | मुख्य बस्तीहरू |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| **जम्मा** | | | |

**३. जनसाङ्ख्यिक विवरण (वडा, उमेर अनुसारको विवरण)**

३.१ कूल जनसंख्या, ५ वर्ष मुनिका बालबालिका र प्रजनन उमेरका महिलाको संख्या (राष्ट्रिय जनगणना, २०७८ बमोजिम)

| क.सं. | वडा नं. /नाम | ५ वर्ष मुनिका बालबालिका | | १५ देखि ४९ वर्षका महिला | जनसङ्ख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | | पुरुष | महिला | जम्मा |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| **जम्मा** | | | | | | | |

३.२ वडा अनुसार उमेरगत जनसाङ्ख्यिक विवरण (एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली बमोजिम)

| वडा | जिवितै जन्मने शिशुको अनुमा | १ वर्ष मुनिका बालबालिकाको संख्या | १२ देखि २३ महिनाका बालबालिकाको संख्या | ० देखि २३ महिनाका बालबालिकाको संख्या | ६ देखि २३ महिनाका बालबालिकाको संख्या | ५ वर्ष मुनिका बालबालिकाको संख्या | ६ देखि ५९ महिनाका बालबालिकाको संख्या | १२ देखि ५९ महिनाका बालबालिकाको संख्या | १० देखि १९ वर्षका किशोरकिशोरीको | १५ देखि ४९ वर्षका महिलाको संख्या | १५ देखि ४९ वर्षका विवाहित महि | अनुमानित गर्भवति महिलाको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | नित संख्या | | | | | | | | | | लाको संख्या | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**नोटः** वडागत रूपमा विवरण नभएमा गाउँ /नगरपालिकाको एकमुष्ट विवरण राख्ने ।

३.३ जातिगत आधारमा जनसाङख्यिक विवरण (राष्ट्रिय जनगणना, २०७८ बमोजिम)

| **वडा** | **जातजाति (वडामा भएका सबै जातजातिको विवरण समावेश गर्ने** | **जम्मा घरधुरी** | **जम्मा जनसंख्या** | **कैफियत** |
|---|---|---|---|---|
| १ | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| २ | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| ३ | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | जम्मा | | | |

## ४. पोषण तथा खाद्य सूरक्षा निर्देशक समितिको विवरण

| क्र.सं. | पद | नाम थर | ईमेल | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| .. | | | | |
| १३ | | | | |

## ५. पोषण तथा खाद्य सूरक्षा निर्देशक समितिको क्रियाशीलता सम्बन्धी विवरण

### ५.१ समितिको क्रियाशीलता

| | |
|---|---|
| निर्देशक समिति गठन भएको मिति | |
| समितिको बैठक बस्ने पटक | मासिक /द्वैमासिक /चौमासिक खुलाउने ...... |

| | |
|---|---|
| समिति गठन भएको मिति देखि हालसम्म बसेको समितिको बैठक संख्या | |

